# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, चैत २७ गते २०५१ साल (अतिरिक्ताङ्क ५५

## भाग ३

### निर्वाचन आयोगको सूचना

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा १२ को उप-दफा (३) बमोजिम २०५१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकहरूको नाम समेत समावेश गरी मतदाता नामावली संशोधन गरी अद्यावधिक गर्न निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७ को नियम ३ को उप-नियम (१) को प्रयोजनको लागि देहायबमोजिम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

(१) मतदाता नामावली तयार गर्ने काम शुरु हुने मिति २०५२ साल वैशाख १ गते देखि ऐ. मसान्तसम्म हुनेछ ।

(२) प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०४७ को नियम ४ को उप-नियम (७) बमोजिम छुट मतदाताको नाम समावेश गर्ने सूचना २०५२ साल जेष्ठ २ गते प्रकाशित गरिने छ ।

(३) प्रतिनिधिसभा सदस्य, निर्वाचन नियमावली, २०४७ को नियम ४ को उप-नियम (३) बमोजिम अस्थायी बसोबासको अवधि २०५२ साल वैशाख मसान्त सम्ममा कम्तीमा एक वर्ष पूरा गरेको हुनु पर्नेछ ।

आज्ञाले,
मोहनदेव पन्त
निर्वाचन आयोगको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

९५४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।